नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई**
**धनगढी, कैलाली**

फोन नं ०९१-५२२९९७
email: pmamp.piu.kailali@gmail.com

पत्र संख्याः ०७७/७८
च. नं

मितिः२०७७/०६/१३

**कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**
**प्रथम पटक प्रकाशित मितिः २०७७।०६।१३ गते**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कैलालीको आ.व २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार गहुँ सुपरजोन र तेलहन जोन कार्यक्षेत्रमा तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएको हुँदा यस कार्यालयमा सूचिकृत भएका इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म/कम्पनी/उद्योग/उद्योगीले आवश्यक कागजात सहित प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ दिन ( २०७७/०७/०३) भित्र कार्यालय समयमा रित पूर्वक परियोजना कार्यान्वयन इकाई धनगढी, कैलाली, गहुँ सुपरजोनको सम्पर्क कार्यालय कैलारी गा.पा ०८, लौसा र तेलहन जोनको सम्पर्क कार्यालय घोडाघोडी न.पा ०१, सुख्खडमा आवेदन दर्ता गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**कार्यक्रम संचालन हुने क्षेत्र**

- ***गहुँ सुपरजोन कार्यक्षेत्र:*** कैलारी गा.पा, गौरीगंगा न.पा वडा नं ५, ७, ८, ९, १० र ११, घोडाघोडी न.पा वडा नं १०, ११ र १२
- ***तेलहन जोन कार्यक्षेत्र:*** घोडाघोडी न.पा वडा नं १ देखी ९, जोशीपुर गा. पा, भजनी न. पा वडा नं २, ३, ६ र ८ जानकी गा.पा वडा नं १, २, ४ र ७, बर्दगोरिया गा.पा वडा नं १ र २

तपशिल

| क स | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानिय तहको लागत सहभागितामा विउ श्रोत केन्द्र स्थापना | संख्या | १ | ३० | स्थानिय तहले लागत साझेदारी गर्ने रकम सहितको लागत सुनिश्चितताको सिफारिस पत्र पेश गर्नु पर्ने। |
| २ | स्थानिय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण | संख्या | १ | ५ | स्थानिय तहको समन्वयमा व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्नु पर्ने |
| ३ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | पटक | १ | १० | व्यवसायिक योजना सहितको प्रस्ताव र कुल लागतको कम्तिमा २५ प्रतिशत लगानी व्यहोर्न सक्ने आधार सहितको प्रतिबद्धता पत्र पेश गर्नु पर्ने |
| ४ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | ३५ | |
| ५ | गत वर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमा Shallow tube well जडान | संख्या | ८० | ४४.४ | |



Scanned by CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई**
**धनगढी, कैलाली**

फोन नं ०९१-५२२९९७
email: pmamp.piu.kailali@gmail.com

**आवश्यक कागजातहरु**

- कृषक समूह, कृषि सहकारी, कृषि फर्म/कम्पनी/उद्योग दर्ता र नविकरण पत्रको प्रतिलिपी।
- कार्यक्रममा सहभागी हुने र लागत साझेदारी गर्ने वारे सम्वन्धित समूह, सहकारी, फर्म, उद्योगको बैठकको निर्णय प्रतिलिपी। (कुन कार्यक्रम के कति परिमाणमा सहभागी हुने हो सो खुलाउनु पर्ने )
- कार्यालयले उपलब्ध गराएको कार्यक्रम माग सम्वन्धी फर्मेट अनुसारको प्रस्ताव फाराम सहित रु १० को हुलाक टिकट टाँस गरेको निवेदन।
- सहकारी संस्था फर्म तथा कम्पनीले आ.व २०७६/७७ को लेखा परिक्षण प्रतिवेदन, प्यान दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र तथा संघ/संस्था प्रमुख वा अध्यक्षको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
- कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडामा जमिन लिएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।
- स्थानिय तह/वडा कार्यालयको सिफारिस पत्र।

**अन्य थप जानकारीका लागी परियोजना कार्यान्वयन इकाई, धनगढी, कैलालीको फोन नं ०९१-५२२९९७ मा सम्पर्क गर्न सकिनेछ।**

**"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"**

Scanned by CamScanner